राष्ट्रिय सभा दिगो बिकास तथा सुशासन समिति र मूल्याङ्कनकर्ताहरुको समुदाय-नेपाल (सीओई-नेपाल) को संयुक्त आयोजनामा

# "सोह्रौं पञ्चवर्षीय योजनामा अनुगमन तथा मूल्याङकनका सम्बन्धमा सुझाव संकलन"

विषयक छलफल कार्यक्रम

२०८० माघ १२ गते शुक्रबार
दिगो बिकास तथा सुशासन समिति, राष्ट्रिय सभा, सिंहदरवार, काठमाडौं

---

नेपालको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को चार वर्ष पुरा भईसकेको र आ.ब.२०८०/८१ को मसान्त सम्ममा उक्त योजनाको कार्यहरु लगभग सम्पन्न हुने भएको हुँदा, नेपाल सरकार राष्ट्रिय योजना आयोगले अहिले आगामी पाँच वर्षको लागि सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को मस्यौदा तयार गर्ने प्रक्रियामा रहेको छ । सोह्रौं योजनाको दस्तावेज २०८० साल माघ मसान्तसम्ममा प्रकाशन गर्ने लक्ष्य राष्ट्रिय योजना आयोगले लिएको छ । उक्त सोह्रौं योजनाको मुख्य सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" रहेको छ भने, त्यसका मुख्य उदेश्यहरु निम्न रहेका छन् ।

(१) राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु,
(२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु,
(३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

## बिकासमा अनुगमन तथा मूल्याङ्कनः

मानवीय जीवनका चुनौतीहरूको सामना गरि संसारलाई रूपान्तरण गर्न विकास नीति, योजना, कार्यक्रम र आयोजनाहरूको सफल कार्यान्वयनको महत्वपूर्ण भूमिका रहन्छ । बिकासका यी योजनाहरु जटिल, अन्तरक्षेत्रीय, अन्तरसम्बन्धित हुने गरेका हुँदा, विकास प्रक्रियालाई परिणाममुखी र पारदर्शी बनाई सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न अत्यन्त जरुरी हुन्छ, यसको प्रभावकारीताको लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहने हुन्छ ।

अनुगमन तथा मूल्याङ्कनको महत्वलाई ध्यानमा राखी नेपालले यसलाई महत्वपूर्ण स्थानमा राख्दै आएको छ । नेपालको संविधानले अनुगमन र मूल्याङ्कनको महत्वलाई प्रकाश पार्दै राष्ट्रिय नीतिहरूको कार्यान्वयन र सुशासन हासिल गर्ने सन्दर्भमा यसको दायरा फराकिलो बनाएको छ ।

नेपालमा विकास आयोजनाहरूको व्यवस्थित अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ लागू गरेको छ । जसमा संघीय स्तरको साथ-साथै प्रादेशिक स्तरको लागि पनि अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ लागू गरी आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई सहज बनाइएको छ। अर्न्तराष्ट्रिय नीति, योजना तथा अभ्यासहरुबाट सिक्दै दिगो बिकासका लक्ष्यहरु हासिल गर्न नेपाल आधारित अनुगमन तथा मूल्याङ्कनका लागि सूचकहरू तयार गरिएका छन्, सो अनुरुप राष्ट्रको सक्षम नेतृत्वमा मूल्याङ्कनका अभ्यासहरु गर्दै आएका छन् ।

सरकारको विकास नीति, रणनीति, योजना, कार्यक्रम र आयोजनाहरूको सफल कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा माननीय सभासदज्यरुहरुको महत्वपूर्ण भूमिका रहदै आएका छन् । यसै क्रममा नेपालमा बिकास मूल्याङ्कन नीतिका लागि राष्ट्रिय संसदीय फोरम (National Parliamentarian Forum on Development Evaluation Policy in Nepal) को निमार्ण भई अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा क्रियाशिल रुपमा कार्यहरु हुँदै आएका छन् । अनुगमन तथा मूल्याङ्कन सम्बन्धि विधेयक लाई राष्ट्रिय सभाबाट पारित गरि प्रतिनिधि सभामा पेश गरिएको छ ।

अनुगमन तथा मूल्याङ्कनमा नेपालमा भइरहेका प्रयासहरुको निरन्तरताको संगसंगै यस क्षेत्रलाई गुणस्तरीय र प्रभावकारी बनाउनको निमित्त थप प्रयासहरुको आवश्यकता जरुरी छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगले अहिले तर्जुमा गर्दै गरेको सोह्रौं योजनाको उदेश्यहरु हासिल गर्नको निमित्त उक्त योजनामा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी समावेशी हुन जरुरी छ ।

यसै सम्बन्धमा, सोह्रौं योजनामा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी समावेशीको मुख्य उदेश्य सहित उक्त बिषयमा समावेश गर्नु पर्ने सम्भावित सुझावहरु संकलन गरि राष्ट्रिय योजना आयोग समक्ष पेश गर्नको निमित्त राष्ट्रिय सभा दिगो बिकास तथा सुशासन समिति र मूल्याङ्कनकर्ताहरुको समुदाय-नेपाल (सीओई-नेपाल) को संयुक्त आयोजनामा माननीय सभासदज्यूहरु, व्यावसायिक मूल्याङ्कनका लागि स्वैच्छिक संस्थाहरु (Voluntary Organization for Professional Organization - VOPEs), मूल्याङ्कन विज्ञहरू, युवा मूल्याङ्कनकर्ताहरू, तथा अन्य सरोकारवालाहरु बीच **"सोह्रौं पञ्चवर्षीय योजनामा अनुगमन तथा मूल्याङकनका सम्बन्धमा सुझाव संकलन"** विषयक छलफल कार्यक्रम मिति २०८० माघ १२ गते शुक्रबारका दिन दिगो बिकास तथा सुशासन समिति, राष्ट्रिय सभा, सिंहदरवारमा आयोजना गरिएको छ ।

<u>मूल्याङ्कनकर्ताहरुको समुदाय-नेपाल (सीओई-नेपाल) र नेपाल मूल्याङ्कन समाज (एनईएस) बाट तयार गरिएका सोह्रौं योजनामा अनुगमन तथा मूल्याङ्कन बिषयमा समावेश गर्नु पर्ने केहि सुझाबहरुः</u>

<u>१. नीति, नियम तथा कानूनी व्यवस्थाः</u>

१.१. संघिय, प्रदेश तथा स्थानीय तहका सरकारमा अनुगमन तथा मूल्याङ्कनका नीति, नियम तथा कानूनी व्यवस्था गर्ने ।

१.२. राष्ट्रिय सभाबाट पारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धि विधेयक लाई प्रतिनिधि सभाबाट पारित गराउन र सो कार्यान्वयनको निमित्त आवश्यक पहल तथा वातावरणको व्यवस्था गर्ने ।

१.३. हाल अवस्थित अनुगमन र मूल्यांकन संग सम्बन्धित निर्देशिका / दिग्दर्शनहरुलाई समय सापेक्ष परिमार्जन गरि कार्यान्वयन गर्ने ।

१.४. अनुगमन र मूल्यांकन संग सम्बन्धित माग र आपूर्ति दुवै पक्षका लागि समावेशी अनुगमन तथा मूल्याङ्कन आचार संहिताको विकास र कार्यान्वयन गर्ने ।

१.५. प्रादेशिक र स्थानीय सरकारहरूलाई सम्बन्धित मूल्याङ्कन <u>नीति, नियम बनाउन</u> प्रोत्साहित गर्ने ।

२. कार्यान्वयन प्रणालीहरू:

२.१. संघीय, प्रदेश र स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कनको समिति/उप-समितिहरुलाई बलियो र भरपर्दो बनाउने ।

२.२. सरकारको विकास नीति, रणनीति, योजना, कार्यक्रम र आयोजनाहरूको सफल कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा माननीय सभासदज्यूहरुको महत्वपूर्ण भूमिका रहने हुँदा यसको निमित्त प्रोत्साहन गर्ने कार्यहरु गर्ने ।

२.३. सरकारको अनुगमन र मूल्यांकनको व्यवस्था र यिनीहरुको बैचारिक तथा प्राबिधिक पक्षबाट परिचित गराउने अभिमुखी कार्यक्रमहरु नियमित रुपमा संचालन गर्ने ।

२.४. दोस्रो एकीकृत राष्ट्रिय मूल्याङ्कन कार्ययोजना सन् २०२२/२३-२०२६/२७ (२०७९/८०-२०८३/८४) लाई अनुमोदन र कार्यान्वयन गर्ने ।

२.५. संघिय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारको अनुगमन तथा मूल्याङ्कनको क्षमता अभिवृद्धि गर्ने ।

क. मन्त्रालयहरूका अनुगमन तथा मूल्याङ्कन संग सम्बन्धित महाशाखा, शाखा तथा बिभागहरुको क्षमता अभिवृद्धि गर्नुको साथै उक्त महाशाखा, शाखा तथा बिभागहरुलाई पर्याप्त श्रोतयुक्त बनाउने ।

ख. सरकार भित्रका अनुगमन र मूल्यांकन कर्ताहरुको सक्षमता (competency framework) तयार गरी सो अनुरुपको तालिमहरुको व्यवस्था तथा संचालन गर्ने ।

ग. तालिमको कार्यक्रमहरुको विकास र संचालन गर्नको निमित्त बिश्वबिद्यालय, शैक्षिक संस्था, स्टाफ कलेज, VOPEs लगायत अन्य सरोकार संस्थाहरु संग सहकार्य गर्ने ।

घ. तालिम लाई विद्युतीय संचार प्रबिधिको माध्यमबाट उपलब्ध गराउने र अनलाईन बाट पनि प्राबिधिक सहयोग पुर्याउने व्यवस्था गर्ने । यसको लागि प्रयोगकर्ता सहयोगी वेब साईट तयार गर्ने ।

ङ. महत्वपूर्ण क्षेत्रहरु र बिषयहरुका लागि विषेश अनुगमन तथा मूल्याङ्कनको निर्देशिका/दिग्दर्शनहरु बनाउने । जस्तैः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन सन् २०१७ लागू भए पनि विपद् पूर्वतयारीमा देखिने सुधारहरू हुन सकेका छैनन् । त्यसैले विशेष गरी स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण व्यवस्थापनको लागि विशिष्ट अनुगमन र मूल्याङ्कन व्यवस्थाहरू विकास गर्ने ।

२.६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र प्रयोग गर्न प्रादेशिक र स्थानीय सरकारहरूलाई प्रोत्साहित गर्दै प्रादेशिक र स्थानीय तहका गतिविधिहरुको लागि बजेट तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

२.७. राष्ट्रिय गौरव परियोजनाहरूको नियमित रूपमा मूल्याङ्कन गर्ने र सिकाईको आधारमा सुधारको सुनिश्चित गर्ने ।

२.८. समाज कल्याण परिषद्लाई प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने वातावरणको सिर्जना गर्ने ।

२.९. युवा मूल्याङ्कनकर्ताहरूको क्षमता अभिवृद्धि गर्दै उनीहरुलाई विज्ञ बनाउँदै लैजाने कार्यहरुलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

२.१०. अनुगमन तथा मूल्याङ्कन बिषय सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संजालसंग समन्वय गर्ने । नियमित रुपमा बैठकहरु तथा कार्यक्रमहरु संचालन गर्दै राष्ट्रिय संजाललाई सशक्त बनाउने कार्य गर्ने । यसै क्रममा मूल्याङ्कन संग सम्बन्धित कोलम्बो घोषणा २०१८ लगायत अन्य घोषणाहरु को समर्थन तथा अनुमोदन गर्ने ।

२.११. राष्ट्रिय दिगो विकास लक्ष्यहरू (SDGs) को कार्यान्वयनमा प्रगति र चुनौतीहरूको समीक्षा गर्ने स्वैच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review - VNR) तयार गर्दा प्रभावकारीता, सहभागितामूलक, पारदर्शी र एकीकृत लाई प्राथमिकता दिदै तयार गर्ने ।

## ३. मूल्याङ्कनको प्रयोग

३.१. मूल्याङ्कनले संघिय, प्रदेश तथा स्थानीय तहका सरकारहरुलाई निर्णय प्रक्रिया तथा सुशासनमा प्रभावकारी र रूपान्तरणकारी समतामूलक रणनीतिहरूमा सशक्त बनाउन सक्ने वातावरणको सिर्जना गर्ने ।

३.२. 'राष्ट्रिय गौरव परियोजना' का विषयहरू जस्तै स्वास्थ्य, शिक्षा, पूर्वाधार, जलवायु परिवर्तन, प्रकोप आदिका परियोजनाहरुको Meta Evaluation गर्ने र सो बाट आएका निष्कर्षहरुलाई सिकाइको रुपमा प्रयोग गर्ने ।

## ४. अनुगमन तथा मूल्याङ्कनको संस्कृति विकास

४.१. मूल्याङ्कनहरुबाट आएका निष्कर्षहरूको प्रयोगको निमित्त चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र अनुगमन तथा मूल्याङ्कनको संस्कृति विकास गर्दै सक्षम वातावरणको सिर्जना गर्ने ।

४.२. अनुगमन र मूल्याङ्कन को महत्वमा प्रकाश पार्न र त्यसमा आइरहेका नयाँ तथा राम्रा प्रयोगहरुलाई प्रचार तथा प्रसार गर्न नियमित रुपमा सभा, सम्मेलनहरु संचालन गर्ने व्यवस्था गर्ने ।

४.३. अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तथा निष्कर्षहरुलाई सार्वजनिक पहुँच सुनिश्चित गर्न सम्बन्धित वेबसाइटहरु तथा सार्वजनिक पोर्टलहरुमा उपलब्ध गर्ने ।